बैठक संख्या : ११

आज मिति २०७९।११।२३ गते बिहान ११:३० बजे यस पुथा उत्तरगंगा गाउँकार्यपालिकाका अध्यक्ष श्री पुनीराज घर्ति ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिहरु :

श्री पुनीराज घर्ति - गाउँकार्यपालिका अध्यक्ष

श्री भुपेन्द्रा बुढा - गाउँकार्यपालिका उपाध्यक्ष

श्री विरमान कामी - १ नं वडा अध्यक्ष

श्री जस बहादुर श्रीपाली - २ नं वडा अध्यक्ष

श्री बम बहादुर बुढा - ३ नं वडा अध्यक्ष

श्री सुर बहादुर बि क –४ नं वडा अध्यक्ष

श्री टिकासाई घर्ति मगर - ५ नं वडा अध्यक्ष

श्री शंखे सेन - ६ नं वडा अध्यक्ष

श्री चित्र वहादुर बुढा - ७ नं वडा अध्यक्ष

श्री पुर्ण मल्ल शाही - ८ नं वडा अध्यक्ष

श्री हर्क प्रसाद रोका - ९ नं वडा अध्यक्ष

श्री भरत बुढा मगर - १० नं वडा अध्यक्ष

श्री लयन बुढा मगर - ११ नं का बा वडा अध्यक्ष

श्री दिलमान पुन - १२ नं वडा अध्यक्ष

श्री शिविसन श्रीपाली - १३ नं वडा अध्यक्ष

श्री द्रवेश बुढा मगर - १४ नं वडा अध्यंक्ष

निर्णय प्रमाणित

श्री ग्वारी बुढा मगर - कार्यपालिका सदस्य

श्री जोर कुमारी बुढा - कार्यपालिका सदस्य

श्री भारसी बुढा - कार्यपालिका सदस्य

श्री मल्ती पुन - कार्यपालिका सदस्य

श्री राज कुमार सुनार - कार्यपालिका सदस्य

श्री जानु छन्तेल - कार्यपालिका सदस्य

श्री जुनी प्रसाद बुढा - १३ नं काबा वडाध्यक्ष

श्री राजन कंडेल – सदस्य सचिव

**प्रस्तावहरु :**

१. गाउँपालिकाको प्रशासनिक भवन निर्माण सम्बन्धमा ।

२. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

३. नारी दिवस समारोह सम्बन्धमा ।

४. ढोरपाटन शिकार आरक्षले निर्माण गर्ने भवन सम्बन्धमा ।

५. जनप्रतिनिधिहरुको सेवा सुविधा सम्बन्धमा ।

**निर्णयहरु :**

१. यस गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्न तयार गरिएको विस्तृत परियोजना प्रतिवेदनउपर छलफल गरी गाउँपालिकाको वास्तविक आवश्यक्ताका आधारमा पुन: अध्ययन र संशोधन गरी संशोधित विस्तृत परियोजना प्रतिवेदन बमोजिमको लागत अनुमान रु. ९,४१,८१,५५६.७८ (अक्षेरुपी रुपैया नौ करोड एकचालीस लाख एकासी हजार पाँच सय छेपन्न पैसा अठहत्तर मात्र) स्वीकृत गरी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बोलपत्र आह्वान गर्ने ।

२.चालु आर्थिक वर्ष २०७९।०८० मा गाउँपालिका अन्तर्गतका निकायहरुमा विभिन्न सेवा तथा तहहरुमा नियुक्त भई प्रथम अर्धवार्षिक सम्झौताको अवधि समाप्त भएका करार कर्मचारी तथा शिक्षकहरुको सम्झौताको अवधि सम्बन्धित वडा कार्यालय, विषयगत शाखा र व्यवस्थापन समितिले कार्यसम्पादन मूल्यांकन गरी कार्यसम्पादन राम्रो भएमा वडाको सिफारीस र निर्णयको प्रतिलिपिको आधारमा मात्र थप गर्ने ।

३. नारी दिवस, २०७९ लाई भव्यरुपमा मनाउन देहायबमोजिमको "नारी दिवस समारोह समिति" गठन गरी उक्त समितिलाई विभिन्न कार्यक्रमहरु संचालन गर्न अधिकार प्रत्यायोजन गर्ने :

श्री भुपेन्द्रा बुढा मगर – संयोजक
श्री ग्वारी बुढा मगर – सदस्य
श्री जोर कुमारी बुढा – सदस्य
श्री मल्ती पुन – सदस्य
श्री भारसी बुढा मगर – सदस्य
श्री छिमी पुन – सदस्य
श्री रबिना घर्ति मगर – सदस्य
श्री संस्कृति पुन मगर – सदस्य
श्री सिरमाया पुन मगर – सदस्य
श्री हरि चन्द्र बि क – सदस्य
श्री अर्जुन सेन - सदस्य
श्री राम प्रसाद खड्का – सदस्य सचिव

४. श्री ढोरपाटन शिकार आरक्ष कार्यालयको च.नं. १६९ मिति २०७९।११।१७ को पत्र प्राप्त भई सो को व्यहोरा अवगत गर्दा शिकार आरक्ष कार्यालयले यस क्षेत्रमा विभिन्न भौतिक संरचनाहरु निर्माण गर्न यस गाउँपालिकाका जनप्रतिनिधिहरु र ढोरपाटन शिकार आरक्ष कार्यालयका

पुथा उत्तरगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तकसेरा, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७४

पदाधिकारीहरुबीच विभिन्न मितिमा भएका बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयन गर्न आरक्ष कार्यालयले ठहर गरेझैं गाउँपालिकाका जनप्रतिनिधिहरु निर्णय कार्यान्वयनको बर्खिलापमा नभई जनस्तरबाट उठेका आवाज र आरक्ष कार्यालयबीचमा रहेको असमझदारी र असामञ्जस्यताको अवस्थालाई निवारण गर्न सरोकारवाला निकायहरुसँग नियमित छलफल र परामर्शमा लागिरहेको व्यहोरा अवगत गराउँदै संविधानले प्रदत्त गरेका विभिन्न अधिकारहरुको उपयोग गर्दै तीनै तहका सरकारहरुले विभिन्न विकास निर्माणका कामहरु संचालन गर्दा स्थानीय जनताका माग र आवश्यक्तालाई समेत ध्यानमा राख्नुपर्ने धारणा सहित ढोरपाटन शिकार आरक्ष कार्यालयले उठाएका प्रश्नहरुको जवाफ दिने ।

५. पुथा उत्तरगंगा गाउँपालिकाको केन्द्र तकसेरामा गाउँसभा र गाउँकार्यपालिकाको बैठक तथा गाउँपालिकाद्धारा आयोजना गरिने विभिन्न बैठकहरुमा सहभागी हुन आउने जनप्रतिनिधिहरुलाई नियमानुसार देहायबमोजिम दिन संख्या कायम गरी दैनिक भ्रमण भत्ता तथा यातायात खर्च उपलब्ध गराउने ।

तपसिल :

वडा नं २ – आतेजाते ४ दिन

वडा नं १, ३, ४, ५, ६,७, ८ र ९ – आतेजाते ३ दिन

वडा नं १२, १३ र १४ – आतेजाते २ दिन

प्रमुख प्रशासकीय अधिकृत